# बन्दिपुर गाउँपालिका
Bandipur Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun
२०७३ (2063)

गण्डकी प्रदेश, नेपाल
Gandaki Province , Nepal

प.सं. (Ref. No.):- २०७६/७७ (2076/77)

च.नं. (Dis. No.):-

मिति (Date):- २०७६/१२/२५

**विषयः हार्दिक अनुरोध ।**

हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID 19) संक्रमण नियन्त्रण र उपचारको सन्दर्भमा सम्भावित जोखिमलाई न्युनिकरण गर्दै आम नागरिकहरुमा पर्न जाने संकट तथा विपद्लाई मध्यनजर गर्दै नेपाल सरकारबाट मुलुकभर लागु हुने गरी लकडाउनको घोषणा गरी अनिवार्य रुपमा कडाईका साथ पालना गर्ने गराउने गरी राष्ट्रब्यापी अभियान संचालन तथा कार्यान्वयन गरेको ब्यहोरा सम्पुर्ण नागरिकहरुलाई विधितै छ। कोरोना संक्रमणको विषमतालाई ध्यानमा राखि तेस्रो चरणको (दोस्रो पटक थपिएको- मिति २०७७/०१/०३ 24:00hr सम्म) लकडाउनको घोषणा समेत भएको अवस्थामा सवै नागरिकहरुले यसको पुर्ण पालना गर्नु सबैको कर्तब्य भएकोले अभियानलाई सफल पार्दै सुरक्षित हुनको लागि बन्दिपुर गाउँपालिका सम्पुर्णमा हार्दिक अनुरोध गर्दछ।

**हार्दिक अनुरोधः**

१) सम्पुर्ण नागरिकहरु आआफ्नो घर मै होम-क्वारेन्टाईनमा बसिदिनु हुन।

२) विदेशबाट आएका व्यक्तिहरुलाई अनिवार्य रुपमा गाउँपालिकाले तयार गरेको क्वारेन्टाईन वा होम क्वारेन्टाईनमा बस्नु हुन र सोको सुचना तुरुन्त यस बन्दिपुर गाउँपालिकामा गरि दिनु हुन ।

३) व्यक्तिगत सरसफाईमा अत्यन्तै सावधानी अपनाई दिनुहुन।

४) लकडाउनको नियम उलंघन गरी कुनै सार्वजनिक स्थलमा भेला जम्मा हुने, खेल मैदान खेल खेल्ने र खेलाउने, तोकिएको समय सिमाको पालनामा मात्र पसल खोल्ने, नियम उल्लंघन गरी सवारी साधन चलाउने, जुवा तास खोल्ने र खेलाउने, सोसल डिस्टेन्सिङ्ग(३ मीटरको दुरीमा बस्ने) को नियम पालना नगरी एकै ठाउँमा दुई वा दुई भन्दा बढी व्यक्तिहरुसंगै बस्ने वा भेला बुने लगायतका रोक लगाईएका क्रियाकलापहरुमा सहभागी नभई दिनु हुन।

५) दण्ड सजायको व्यवस्था

| | |
|---|---|
| • लकडाउन उलंघन गर्ने | रु.१००० |
| • चौतारी, चोक र सार्वजनिक स्थानमा अनावश्यक भेला गर्ने | रू१००० |
| • जुवा तास खेल्ने खेलाउनेलाई र हेर्ने | रु१०,००० |
| • तोकिएको मुल्यभन्दा बढीमा सामान बेच्ने | रु१०,००० |
| • तोकिएको समयमा दैनिक अत्यावश्यक समानको पसल नखोल्ने | रु५,००० |
| • क्यारिमबोर्ड, पोर्ट खेल्ने खेलाउने | रु३,००० |
| • मदिरा पसल खोल्नेलाई | रु२,००० |
| • भलिवल, फुटबल, ब्याटमिन्टन, क्रिकेट आदि समुहमा खेलिने खेल खेल्ने खेलाउने | रु५,००० |
| • औषधि पसल नखोल्नेलाई | रु१५,००० |

नोटः गर्न नहुने भनि तोकिएका जुनसुकै कार्य गर्ने गराउने गरेको पाईएमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार(बन्दिपुर गाउँपालिका) बाट निर्णय भए बमोजिमको कारवाही भइजाने भएकोले उक्त सबै कार्यहरुमा आवश्यक सहयोग गरिदिनु हुन सम्पुर्ण मानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ।

बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ